## **<u>यस आयोगबाट संचालन हुने खुला र आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षामा सहभागी हुने परीक्षार्थीहरुलाई जरुरी सूचना</u>**

१. परीक्षार्थीहरुले परीक्षाहलमा मोबाईलको प्रयोग निषेध गरिएको छ ।

२. साधरण क्याल्कुलेटर बाहेक अन्य Scientific Calculator प्रयोग गर्न पाईने छैन ।

३. भाषा विषय (अंग्रेजी, नेपाली र संस्कृत ) को हकमा सोही भाषामा र अन्य विषयहरुको हकमा लिखित परीक्षाको उत्तर अंग्रेजी वा नेपाली वा दुबै भाषामा दिन सकिनेछ ।

४. प्राथमिक तहको विषयगत प्रश्नहरुको उत्तर खण्ड "ख" र खण्ड "ग" मा छुट्टाछुट्टै लेख्नुपर्नेछ ।

६. देहायका अवस्थामा उत्तरपुस्तिका रद्द गरिनेछ ।

क. उत्तरपुस्तिकाको निर्दिष्ट स्थान बाहेक अन्यत्र आफ्नो नाम ठेगाना वा मोबाईल नं. वा आफूलाई चिनाउने कुनै संकेत लेखेमा ।

ख. उत्तरपुस्तिकामा परीक्षकलाई प्रभाव पार्ने गरी चिठी वा गन्थन लेखेमा ।

ग. परीक्षाको मर्यादा विपरित कार्य गरेमा ।

घ. उत्तरपुस्तिकाको निर्दिष्ट स्थानमा आफ्नो नाम र रोल नं. नलेखेमा ।

ङ अनुमति पाएको व्यक्ति वाहेक अन्यले तोकिएको वाहेक अन्य स्थानवाट परीक्षा दिएमा ।

७. प्रवेशपत्र हराएका उम्मेदवारले हालसालै खिचिएको दुइ प्रति पासपोर्ट साईजको फोटो र रु. १००।- को नगदी रसिद संलग्न राखी आफूलाई चिनाउने प्रमाण (नागरिक्ता प्रमाणपत्र वा पासपोर्ट वा लाईसेन्स आदि) का साथ दरखास्त पेश गरेको जिल्ला वा परीक्षा संचालन हुने जिल्लाका शिक्षा विकास तथा समन्वय इकाईमा निवेदन दिनुपर्नेछ ।

८. अपाङ्ता भएको कारणले आफैले लेख्न नसक्ने (दृष्टिविहीन "ग" वर्गका न्यूनदृष्टि भएका र दुबै हात नचल्ने अपाङ्ग) परीक्षार्थीले सहयोगी लेखक राख्न अपाङ्ता प्रमाणपत्र र सहयोगी लेखकको शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित दरखास्त पेश गरेको जिल्ला वा परीक्षा संचालन हुने जिल्लाका शिक्षा विकास तथा समन्वय इकाईमा निवेदन दिनुपर्नेछ । सहयोगी लेखकको योग्यता सम्बन्धित तहका लागि तोकिएको योग्यता भन्दा एक तह तलको र शिक्षा विषय पढेको हुनुहुदैन । सहयोगी लेखकले तोकिएको तह एक वर्ष अघि मात्र उतिर्ण गरेको हुनुपर्नेछ ।